आज मिति २०८१ साल असार १३ गते बिहिबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३४ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |

२०८१/३/१३

जैमिनी नगर कार्यपालिकाको

बैठक संख्या ३४

नगर कार्यपालिकाको कार्यालय
कुस्मीसेरा, बागलुङ
२०७३

कार्यपालिका बैठकका प्रस्ताव सूचि

मिति २०८१।३।१३ गते

१. प्रथम नगर विकास आवाधिक योजना सम्बन्धमा ।

२. राजश्व सुधार कार्ययोजना सम्बन्धमा ।

३. लैङ्गिक सामाजिक समावेशी रणनीति तर्जुमा सम्वन्धमा ।

४. जैमिनी न पा भित्रका जग्गा बर्गिकरण सम्बन्धमा ।

५. जैमिनी नगरपालिकाको सडक गुरुयोजना सम्बन्धमा ।

६. जैमिनी नगरपालिकाको नागरिक स्वास्थ्य उपचार कोष सञ्चालन कार्यविधि,२०८१ सम्बन्धमा ।

७. जैमिनी नगरपालिकाको कर्मचारी अवकाश कोष सञ्चालन कार्यविधि, २०८१ सम्वन्धमा ।

८. जैमिनी न पा को कक्षा ८ को स्थानीय पाठ्यक्रम र पाठ्य पुस्तक सम्वन्धमा ।

९. वालमैत्री स्कुल बस सञ्चालन निर्देशिका स्वीकृत गर्न सम्वन्धमा ।

१०. जैमिनी नगर अस्पताल निर्माणको प्रस्तावना सम्वन्धमा ।

११. प्रारम्भिक वाल विकास सञ्चालन तथा ब्यवस्थापन मापदण्ड २०८१ सम्वन्धमा ।

१२. जैमिनी सांस्कृतिक गान शब्द रचना छनौट सम्बन्धमा ।

१३. जैमिनी नगरपालिकाको सामाजिक समावेशीकरण नीति, ।

१४. जैमिनी नगरपालिकाको सामाजिक समावेशीकरण नीति निर्देशक समिति गठन सम्बन्धमा ।

२०८१/४/१३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगर कार्यपालिकाको बैठक संख्या ३४

# निर्णयहरु

## निर्णय नं १

जैमिनी नगरपालिकाको प्रथम पञ्चवर्षिय नगर आवाधिक विकास योजना ( आ व २०८१/०८२ देखि आ व २०८५/०८६ सम्म) निर्माण गर्न जैमिनी नगरपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान गण्डकी प्रदेश पोखरा बीच मिति २०८०।०८।०८ गते भएको लिखित समझदारी अनुसार यस नगर कार्यापालिकाले सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार स्वीकृत कार्यसर्त TOR भित्र रही सम्बन्धित क्षेत्रमा काम गर्ने मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्शदाता श्री फेनापती कन्सल्टेन्ट प्रा. लि शंखमुल काठमाण्डौ छनौट भएकोमा प्रा.लिले यस पालिकाले दिएको कार्यसर्त भित्र रहि विभिन्न चरणका कार्यहरु सम्पन्न पश्चात मस्यौदा तयार गरि पेश गरेकोमा मस्यौदा माथी हामीले दिएका सुझाव र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले दिएका सुझाव समेत राखि अन्तिम प्रतिवेदन नगर कार्यपालिका बैठकमा पेश भयो । परामर्शदाता श्री फेनापती कन्सल्टेन्ट प्रा लिले तयार गरेको जैमिनी नगरपालिकाको प्रथम पञ्चवर्षिय नगर आवाधिक विकास योजना ( आ व २०८१/०८२ देखि आ व २०८५/०८६ सम्म) निर्माण स्वीकार गरी अनुमोदन गरियो । नगरपालिकाको प्रथम पञ्चवर्षिय नगर आवाधिक विकास योजना ( आ व २०८१/०८२ देखि आ व २०८५/०८६ सम्म "समृद्द जैमिनी खुसी र आत्मनिर्भर जैमिनीवासी" को दिर्घकालिन सोचलाई पुरा गर्न आवश्यक वित्तिय स्रोतको खोजी गरि परिचालन गर्ने नीति लिने निर्णय गरियो । आवाधिक योजना अनुसार मध्यकालिन बजेट खर्च संरचना र बजेट मार्फत कार्यन्वयन गर्ने तथा परामर्शदाताका लागि परामर्श सेवाको भूक्तानी प्रक्रिया अगाडि बढाउन अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं २

जैमिनी नगरपालिकाको आन्तरिक राजश्व सुधार कार्ययोजना तयार गर्न जैमिनी नगरपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान गण्डकी प्रदेश पोखरा बीच मिति २०८०।०८।०८ गते भएको लिखित समझदारी अनुसार यस नगर कार्यापालिकाले सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार स्वीकृत कार्यसर्त TOR अनुसार सम्बन्धित क्षेत्रमा काम गर्ने मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्शदाता श्री डेभलप्मेन्ट ईनिसियशन प्रा. लि छनौट भएकोमा प्रा.लिले यस पालिकाको सन्दर्भ सामाग्री अध्ययन, अभिमुखिकरण तथा राजश्व सुधार योजना तर्जुमा कार्यशाला गरी यस कार्यपालिकामा मस्यौदा पेश गरेकोमा मस्यौदा माथी हामीले दिएका सुझाव र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले दिएका सुझाव समेत राखि अन्तिम प्रतिवेदन राजश्व परामर्श समिति र नगर कार्यपालिका बैठकमा पेश भयो । परामर्शदाता श्री डेभलपमेन्ट ईनिसियशन प्रा.लिले तयार गरेको जैमिनी नगरपालिकाको आन्तरिक राजश्व सुधार कार्ययोजना यस बैठकले स्वीकार गरी अनुमोदन गर्ने निर्णय गरियो । नगरपालिकाको आन्तरिक राजश्व सुधारका लागि

२०८१/४/१२
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

कार्ययोजना प्रयोग गर्ने तथा कार्ययोजना तयार गर्ने परामर्शदाता लागि भूक्तानी प्रक्रिया अगाडि बढाउन अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं ३

जैमिनी नगरपालिकाको लैङ्गिक सामानता तथा सामाजिक समावेशीकरण रणनीति तयार गर्न जैमिनी नगरपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान गण्डकी प्रदेश पोखरा बीच मिति २०८०।०८।०८ गते भएको लिखित समझदारी अनुसार यस नगर कार्यापालिकाले सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार स्वीकृत कार्यसर्त TOR अनुसार सम्बन्धित क्षेत्रमा काम गर्ने मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्शदाता श्री प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्रा. लि बुद्दकोलोनी ४ बुढानिलकण्ड काठमाण्डो छनौट भएकोमा प्रा.लिले यस पालिकाको सन्दर्भ सामाग्री अध्ययन, अभिमुखिकरण तथा कार्यशाला गरि यस कार्यपालिकामा मस्यौदा तयार गरि पेश गरेकोमा मस्यौदा माथी हामीले दिएका सुझाव र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले दिएका सुझाव समेत राखि अन्तिम प्रतिवेदन नगर कार्यपालिका बैठकमा पेश भयो । परामर्शदाता श्री प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट प्रा. लिले तयार गरि उपलब्ध गराएको अन्तिम लैङ्गिक समानता तथा समावेशीकरण रणनीति तर्जुमा प्रतिवेदन यस बैठकले स्वीकार गरी अनुमोदन गरियो । नगरपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति तर्जुमा गर्ने परामर्शदाता लागि भूक्तानी प्रक्रिया अगाडि बढाउन अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं ४

जैमिनी नगरपालिकाको जग्गा वर्गीकरणको लागि स्थानीय भु उपयोग परिषद्ले स्वीकृत गरेको भू उपयोग ऐन २०७६ र भू उपयोग नियमावली २०७९ बमोजिम तयार गरिएको यस जैमिनी नगरपालिकाको क्षेत्रभित्र रहेका जग्गाहरुको भू उपयोग क्षेत्र वर्गीकरणलाई अनुमोदन गरियो । यस नगर कार्यापालिकाले सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार स्वीकृत कार्यसर्त TOR भित्र रही सम्बन्धित क्षेत्रमा काम गर्ने मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्शदाता श्री जियो ईन्फो सोलुसन एण्ड रिसर्च सर्भिस प्रा. लि काठमाण्डौ छनौट भएकोमा प्रा.लिले यस पालिकाले दिएको कार्यसर्त भित्र रहि विभिन्न चरणका कार्यहरु सम्पन्न पश्चात मस्यौदा तयार गरि पेश गरेकोमा मस्यौदा माथी हामीले दिएका सुझाव समेत राखि अन्तिम प्रतिवेदन पेश भयो । परामर्शदाता श्री जियो ईन्फो सोलुसन एण्ड रिसर्च सर्भिस प्रा लिले तयार गरेको जैमिनी नगरपालिकाको जग्गा बर्गीकरणलाई लागु गर्न आवश्यक निकायमा पठाउने बर्गीकरणलाई यहि श्रावणबाट लागु गर्ने निर्णय गरियो । साथै परामर्शदाताका लागि परामर्श सेवाको भूक्तानी प्रक्रिया अगाडि बढाउन अनुमति दिने निर्णय गरियो ।

२०८१/४/१६

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं ५

जैमिनी नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर सडक गुरुयोजना तया गर्न नगर कार्यापालिकाले सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार स्वीकृत कार्यसर्त TOR भित्र रही सम्बन्धित क्षेत्रमा काम गर्ने मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव माग गरी परामर्शदाता श्री नारायणी ट्रेडिङ एण्ड ईन्जिनियरिङ प्रा. लि छनौट भएकोमा प्रा गैडाकोट नवलपरासी प्रा .लिले यस पालिकाले दिएको कार्यसर्त भित्र रहि विभिन्न चरणका कार्यहरु सम्पन्न पश्चात मस्यौदा तयार गरि पेश गरेकोमा मस्यौदा माथी हामीले दिएका सुझाव समेत राखि अन्तिम प्रतिवेदन नगर कार्यपालिका बैठकमा पेश भयो । परामर्शदाता श्री नारायणी ट्रेडिङ एण्ड ईन्जिनियरिङ प्रा लिले तयार गरेको जैमिनी नगरपालिकाको सडक गुरुयोजना स्वीकार गरी अनुमोदन गरियो । नगरपालिकाको समग्र यातायात पुर्वाधार र यातायात सञ्चार प्रणाली विकास गर्न अत्यावश्यक यस गुरुयोजनाको कार्यान्वियनका लागि आवश्यक वित्तिय स्रोतको खोजी गरि परिचालन गर्ने नीति लिने निर्णय गरियो । यातायात गुरुयोजनालाई कार्यन्वियन गर्ने तथा परामर्शदाताका लागि परामर्श सेवाको भूक्तानी प्रक्रिया अगाडि बढाउन अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं ६

नेपालको संविधानको धारा ३५मा व्यवस्था भए बमोजिम नागरिकको स्वास्थ्य समस्याको निदान गर्न र नागरिकको आर्थिक समस्याका कारण उपचारबाट बञ्चित हुनबाट बचाउन औषधी उपचारबापत आर्थिक सहायता उपलब्ध गराउन सर्वपक्षीय सहभागिता हुने एक छुट्टै कोष स्थापना गर्ने उदेश्यले स्थानीय स्वास्थ्य सेवा ऐन २०८१ को दफा ४४ बमोजिम नागरिक स्वास्थ्य उपचार कोषको गठन तथा सञ्चालन कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं ७

जैमिनी नगरकार्यपालिकाको कार्यालय अन्तर्गत साविकको स्थानीय निकायमा कार्यरत भई समायोजन ऐन २०७५ अनुसार समायोजन भएका र स्थानीय तहको सेवामा नियुक्त स्थायी कर्मचारीहरुलाई अवकाश पश्चात नियमानुसार सेवा सुविधा उपलब्ध गराउनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ९१ मा भएको व्यवस्थालाई लागु गर्न जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन २०७५ को दफा ४ बमोजिम जैमिनी नगरपालिका कर्मचारी अवकाश कोष कार्यविधि,२०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं ८

जैमिनी नगरपालिकाले आफ्नै स्थानीय पाठ्यक्रम र पुस्तक लागु गर्ने उदेश्यले यस बर्ष निर्माण गर्न लागेको कक्षा ८ को पाठ्यक्रम र पाठ्यपुस्तकका विषयमा कार्यपालिकामा जानकारी गराई सुझाव संकलन गरियो ।

२०८१/३/१३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

पाठ्यक्रम र पाठ्यपुस्तकमा प्राप्त सुझाव अनुसार संसोधन सहित अन्तिम प्रतिवेदन पेश गर्न नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्रमा आवद्द विज्ञहरुमा अनुरोध गरियो ।

## निर्णय नं ९

जैमिनी नगरपालिका भित्र सञ्चालित शिक्षण संस्थाहरुले विद्यार्थीहरुको ओसार पसार गर्ने उदेश्यले सञ्चालनमा ल्याएका सवारी साधनहरुले दिने यातायात सेवालाई सुरक्षित आरमदायी र भरपर्दो बनाउने उदेश्यले जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ दिएको अधिकार अनुसार नगरपालिकाको स्कुल बस निर्देशिका, २०८१ स्वीकृत गरियो ।

## निर्णय नं १०

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।३।५ गतेको चलानी नं ४२२ को पत्रानुसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तरर्गत स्थानीय तहलाई आयोजनाको प्रस्ताव पेश गर्न भनिएकोमा यस पालिकालाई आवश्यक नगरस्तरीय नगर अस्पताल जैमिनी १ कुश्मिसेरामा निर्माणका लागि आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो । यक्त आयोजनाको लागि नगरपालिकाको तर्फबाट लाग्ने १० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्दताको निर्णय समेत गरियो ।

## निर्णय नं ११

जैमिनी नगरपालिकाभित्र प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र स्थापना सञ्चालन र व्यवस्थापन गरी सञ्चालनमा एकरुपता ल्याई गुणात्मक सुधार गर्ने उदेश्यले जैमिनी नगरपालिका शिक्षा ऐन,२०८० को परिच्छेद २ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी प्रारम्भिक बालविकास सञ्चालन तथा व्यवस्थापन मापदण्ड,२०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं १२

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम एंव बजेटमा समावेश भएको जैमिनी सांस्कृतिक गानको शब्द रचना र छनौटका लागि नगरप्रमुख स्तरीय निर्णयवाट पूर्व नगरप्रमुख श्री ईन्द्रराज पौडेल संयोजक सहनु भएको तीन सदस्यीय जैमिनी सांस्कृतिक गान शब्द छनोट तथ मूल्याङ्कन समिति गठन भएकोमा समितले निश्चत मापदण्ड बनाई १५ दिने सार्वजनिक सुचना आह्वान गरी शब्द रचना माग गरेकोमा यसरी संकलित रचनाको मुल्याङ्कन गरी जैमिनी नगरपालिका वडा नं ४ निवासी नविन पौडेलको रचना छनौट गरी सिफारिस गरेकोमा उक्त रचनालाई जैमिनी सांस्कृतिक गानको रुपमा छनौट गर्ने निर्णय गरियो । शब्दरचनाकारलाई बधाई दिदै मुल्याङ्कन समितिलाई धन्यवाद दिदै जैमिनी सांस्कृतिक गान शिर्षकबाट रु ३५ हजार रचनाकारलाई नगद पुरस्कार सहित सम्मान गर्ने निर्णय गरियो । उक्त रचना निम्नानुसार रहेको पनि जानकारी गराईयो ।

२०८१/४/१३

हरि बहादुर भुजेल,
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगर कार्यपालिकाको

बैठक संख्या ३४

जैमिनिको तपोभुमि, पूर्व काली गङ्गा

हात्तीढुङ्गा, शंङ्खेढुङ्गा हाडिकोटमा चङ्गा

अनेक जाती, भाषा, धर्म संस्कृतिको खानी

सालैजोमा उर्वरभूमि पैयु राङखानी

सेरा, दमेक, बिनामारे, पुरानोगाँउ हाम्रो

छिस्ति, जैदी, सर्कुवामा माईकोस्थान राम्रो

अर्जेवामा देवीस्थान शिरमा गाजादह

धान, मकै, गहुँ, कोदो फल्छन् लहलह

उर्जा खोला, माघि मेला, स्वाबलम्बी हामी

सुख, शान्ती, समृद्दि हाम्रो जैमिनी

सुख, शान्ती, समृद्दि जय जैमिनी ।

नविन पौडेल

जैमिनी ४ सर्कुवा, बागलुङ

## निर्णय नं १३

संविधान र लोकतान्त्रिक शासनको अवधारणालाई आत्मसाथ गर्दै सबै नागरिको समतामूलक पहुँच स्थापित गर्ने तथा समावेशीकरणको अवधारणालाई आम सरोकारवाला बीच साझा धारणा र दृष्णिकोण बनाई रणनीति कार्यक्रम र बजेटको सहि व्ययवस्थापन समेत गर्न सामाजिक समावेशीकरण नीतिको आवश्यकतालाई महशुस गरि जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा १०२ अनुसार जैमिनी नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०८१ स्वीकृत गरियो ।

२०८१/३/१२

हरि बहादुर भुजेल

प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगर कार्यपालिकाको

बैठक संख्या ३४

# निर्णय नं १४

जैमिनी नगरपालिकाको सामाजिक समावेशीकरण नीति २०८१को बुदाँ ९ मा उल्लेख भए अनुसार नीतिका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्ययान्वयन गर्न देहाय बमोजिम सामाजिक समावेशीकरण नीति निर्देशक समितिको गठन गर्ने निर्णय गरियो ।

| क स | नाम थर | पद |
|---|---|---|
| १ | श्री नर बहादुर पुन | संयोजक /नगर प्रमुख |
| २ | श्री हरिहर शर्मा | सदस्य / उपप्रमुख |
| ३ | श्री हरि बहादुर भुजेल | सदस्य/ प्रमुख प्रशासकीय अधिकृत |
| ४ | श्री विष्णु प्रसाद आचार्य | सदस्य /सामाजिक विकास समिति संयोजक |
| ५ | श्री चिन्तामणी दर्जी | सदस्य /कार्यपालिका मध्येबाट सदस्य |
| ६ | श्री दुर्गादिवी पाध्या | सदस्य /कार्यपालिका मध्येबाट सदस्य |
| ७ | श्री शान्ति सुनार | सदस्य /कार्यपालिका मध्येबाट सदस्य |
| ८ | श्री तिल बहादुर नेपाली | सदस्य /सामुदायिक संघ संस्था मध्येबाट सदस्य |
| ९ | श्री तारा पुन | सदस्य /सामुदायिक संघ संस्था मध्येबाट सदस्य |
| १० | श्री तिलदेवि शर्मा | सदस्य /सामुदायिक संघ संस्था मध्येबाट सदस्य |
| ११ | श्री विष्णु प्रसाद शर्मा | सदस्य सचिव/ सामाजिक विकास शाखा प्रमुख |

२०८१/४/१२

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत